मधुवन नगरपालिका

# मधुवन राजपत्र

खण्डः ७ संख्याः ६ प्रमाणीकरण मितिः २०८०/०८/२५

प्रकाशन मितिः २०८०/०९/१७

## भागः २

मधुवन नगरपालिका

# मधुवन नगरपालिकाको साना सवारी साधन व्यवस्थापन कार्यविधि २०८०

नगर कार्यपालिका बैठकबाट स्वीकृत मितिः२०८०/०८/२५

समग्र साना सवारी यातायात क्षेत्रको ब्यवस्थापन गरी सर्बसाधारणलाई सरल एबम् शुलभ यातायात सविधा उपलब्ध गराउन र यातायात सेवा लाई सुदृढ तथा प्रभावकारी बनाउन, सवारी दुर्घटनामा न्युनिकरण गराउन, दुर्घटनाबाट पिडित पक्षहरुलाई क्षतिपुर्ति दिलाउन लगायत विमा ब्यवस्थापन गराउन बाञ्छनिय भएकाले,

नेपालको संबिधान २०७२ को अनुसुची ९ को साँझा अधिकार, स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड ट (४) र दफा १०२ को उपनियम २ बमोजिम यो कार्यबिधि जारी गरी लागु गरिएको छ ।

परिच्छेद-१

प्रारम्भिकः-

**१.संक्षिप्त नाम र प्रारम्भः-**

क. यस कार्यबिधिको नाम मधुवन नगरपालिकाको साना सवारी साधन व्यवस्थापन कार्यबिधि २०८० रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

क. कार्यपालिका भन्नाले मधुवन नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ख. प्रमुख प्रशासकिय अधिकृत भन्नाले मधुवन नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

ग. साना सवारी साधन भन्नाले तिन पाङ्ग्रे अटो रिक्सा, ईलेक्ट्रिकल रिक्सा लगायतका तिन पाङ्ग्रे सावारी साधनलाई समेत सम्झनु पर्दछ ।

घ. दर्ता प्रमाणपत्र भन्नाले साना सवारी साधन चलाउन पाउने ईजाजत पत्र भन्ने सम्झनु पर्दछ ।

ङ. सवारी धनी भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा सो सवारीको धनी भनि लेखिएको ब्यक्ति, फर्म, कम्पनी, वा अन्य कुनै संगठित सँस्था सम्झनु पर्दछ ।

च. सवारी चलाउने ईलाका भन्नाले मधुवन नगरपालिका भित्र रहेका पक्की तथा ग्राभेल सडक क्षेत्र सम्झनु पर्दछ ।

छ. यातायात कार्यालय भन्नाले प्रदेश सरकार मातहतको यातायात ब्यवस्था कार्यालय सम्झनु पर्दछ ।

ज. कार्यालय भन्नाले मधुवन नगरपालिका र नगरपालिका अन्तरगतका वडा कार्यालयहरु सम्झनु पर्दछ ।

झ. घुम्ती मिल भन्नाले ट्याक्टरमा जडान गरी सञ्चालन गर्न सकिने कुटानी साधनलाई सम्झनु पर्दछ ।

परिच्छेदः-२

**सवारी दर्ता सम्बन्धि ब्यवस्थाः-**

**३. सवारी दर्ता गराउन निबेदन दिनु पर्नेः-**

(१) साना सवारी साधन खरिद गर्ने वा विदेशबाट पैठारी गर्ने ब्यक्ति, फर्म, कम्पनी वा सवारी बिक्रिवितरण गर्ने एजेण्टले खरिद गरेको वा पैठारी गरी नेपाल भित्र भन्सार तिरी ल्याएको रसिद, विल, प्रज्ञापन पत्र तथा तेस्रोपक्ष विमा कागजात सहित ३५ दिन भित्र अनुसुचि १ बमोजिमको ढाँचामा निबेदन दिई मधुवन नगरपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

**४. सवारी दर्ता सम्बन्धि प्रकृयाः-**

(१) दफा ३ बमोजिम दर्ता भएको निबेदन उपर छानविन गरी सिफारिस गर्न तपशिल बमोजिमको सिफारिस समिति रहनेछः

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत कर्मचारीः- | अध्यक्ष |
| अधिकृत स्तरको प्राबिधिक कर्मचारीः- | सदस्य |
| राजश्व शाखा प्रमुखः- | सदस्य सचिव |

(२) उपदफा १ बमोजिमको समितिको सिफारिसका आधारमा राजश्व शाखा प्रमुखले अनुसुचि २ बमोजिमको ढाँचामा सवारी दर्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा २ बमोजिम जारी गरिएको प्रमाणपत्र प्रत्येक बर्षको श्रावण मसान्त भित्र अनुसुचि ३ बमोजिमको ढाँचामा निवेदन दिई नविकरण गराई सक्नु पर्नेछ । तर पाँच बर्ष सम्म नविकरण नगरेमा सवारी दर्ता स्वतः खारेज हुनेछ ।

(४) यस दफा बमोजिम दर्ता हुने साना सवारी साधनको दर्ता शुल्क, नविकरण शुल्क, पटके शुल्क तथा जरिवाना दस्तुर मधुवन नगरपालिकाको आर्थिक ऐन अनुसार हुनेछ ।

(५)यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि आफै चालक भई सञ्चालन गर्ने महिला महिलाको नाममा दर्ता हुने, कृषि तथा पशुपालनका कार्यका लागि कृषि सहकारी तथा फर्मको नाममा दर्ता हुने सवारी साधनमा दर्ता शुल्क, नविकरण शुल्कमा ३० प्रतिशत छुट दिईनेछ ।

**(५) सवारी दर्ता नम्बरः-**

(१) दर्ता भएका साना सवारी साधनको दर्ता नम्बर म.न.पा. ०००१ बाट क्रमशः सुरु गरिनेछ ।

**(६) सवारी दर्ता नम्वर प्लेटः-**

(१) साना सवारीको दर्ता नम्वर प्लेट नेपाल सरकारले तके बमोजिमनै तपशिल बमोजिम हुनेछ ।

क. भाडा सावारी साधन भए कालो प्लेटमा सेतो अक्षर हुनेछ ।

ख. निजी सवारी साधन भए रातो प्लेटमा सेतो अक्षर हुनेछ ।

ग. सरकारी सवारी साधन भए सेतो प्लेटमा रातो अक्षर हुनेछ ।

(२) एक किसिमको सवारी साधनलाई अर्को किसिमको सवारी साधनमा वदल्नु परेमा नयाँ खरिद गरे सरहको कार्यबिधि अपनाईनेछ ।

**७- सावारीको दर्ता मान्यताः-**

(१) मधुवन नगरपालिका भित्र दर्ता भएको सवारी साधनलाई मात्र मान्यता दिईनेछ । तर अन्य सरकारी निकायमा दर्ता भई यस नगरपालिकामा सञ्चालनको लागि निबेदन दिन आएमा नयाँ दर्ता सरहको प्रक्रिया अपनाई नम्बर कायम गरिदिनु पर्नेछ ।

(२) यस नगरपालिकामा सवारी दर्ता नगरी यस नगर क्षेत्र भित्र सवारी चलाउन पाईने छैन । तर यातायात कार्यालयमा दर्ता भएको डिजेल/पेट्रोलबाट चल्ने साना सवारी साधनको हकमा मधुवन नगरपालिकामा अनिवार्यरुपमा सुचिकृत भई दफा १५ बमोजिमको बाटो इजाजत लिनु पर्नेछ ।

**(८) ठाँउ सारी वा नामसारी सम्बन्धि व्यवस्थाः-**

(१) मधुवन नगरपालिकाले आफ्नो क्षेत्रमा सवारी ठाउँ सारी गरी आउन, साना सवारी साधन बिक्रि गर्न वा अन्यत्र जान सहमति दिन सक्नेछ । ठाँउ सारी आउने सम्बन्धि प्रकृया नयाँ दर्ता सरह हुनेछ ।

(२) नामसारीको लागि नामसारी गराउनुपर्ने सवारी साधनको नविकरण र नामसारी वापत तोकिएको शुल्क तिरी अनुसुची ४ बमोजिमको ढाँचामा निबेदन दिनु पर्नेछ ।

परिच्छेदः-३

९- सिट भन्दा बढी राख्न नहुनेः- सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको सिट संख्या भन्दा बढी यात्री राखी चलाउन हुदैन ।

१०- ट्राफिक संकेतको नियमको पालना गर्नुपर्नेः- चालकले सवारी चलाउदा ट्राफिक संकेत तथा नियमको पालना गरी सवारी चलाउनु पर्छ ।

११- सवारीको बीमा गराउनु पर्नेः- सवारी धनी वा ब्यवस्थापकले प्रत्येक सवारी तथा यात्रीको तेस्रो पक्ष बीमा अनिवार्यरुपमा गराउनु पर्नेछ ।

१२- सवारी साधनको लगत कट्टाः- दर्ता भएका सवारी साधन प्राकृतिक प्रकोप, दुर्घटना वा अन्य कारणबाट सवारी साधन काम नलाग्ने गरी क्षतीग्रस्त भई सम्बन्धित ब्यक्ति, फर्म, कम्पनी वा एजेन्टले निवेदन दिन आएमा नविकरण गर्न बाँकि भए नविकरण दस्तुर बुझाउन लगाई सवारी साधनको लगत कट्टा गर्न सक्नेछ ।

१३- जरिवाना सम्बन्धि ब्यवस्थाः- यस कार्यविधि बमोजिम तोकिएको समयमा नयाँ दर्ता तथा नविकरण नगरेमा मधुवन नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको दरमा प्रथम १ महिना सम्मको अबधिको लागि २० प्रतिशत र सो भन्दा बढी अवधि समय नाघेमा शतप्रतिशत जरिवाना लाग्नेछ ।

१४- दर्ता रजिस्टर राख्नु पर्नेः- कार्यालयबाट तोकिएको ढाँचामा नयाँ दर्ता, नामसारी, ठाउँसारी तथा लगत कट्टा लगायतको ब्यवस्थित अभिलेख राखिनेछ ।

१५- बाटो ईजाजत तथा सवारी भडाः- (१) वाटो इजाजत वा सवारी चलाउन पाउने इलाका सवारी दर्ता वा नविकरण गर्दाको समयमा मागेबमोजिम तथा कार्यालयले जनताको सुबिधालाई मध्यनजर गर्दै उपलब्ध गराउने ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि डिजेल वा पेट्रोलबाट चल्ने साना सवारी साधनको सम्बन्धमा हाललाई रु १०० लिई अनुसुचि ५ बमोजिमको ढाँचामा वाटो ईजाजत दिईनेछ ।

(३) उप दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि सवारी धनी वा व्यवस्थापकले बिशेष कामका लागि ईजाजत पत्रमा लेखिए बाहेक अन्यत्र जानु परेमा निवेदन लिई बढीमा ३ दिन सम्मको लागि निःशुल्क र सो भन्दा बढी समय सम्मका लागी प्रति कि.मि. रु ५ का दरले दस्तुर लिई अनुसुचि ६ बमोजिमको ढाँचामा पट्के ईजाजत दिन सक्नेछ ।

(४) सवारी भाडा सम्बन्धि व्यवस्था कार्यालयबाट गठन हुने कार्यदलको सिफारिस बमोजिम हुनेछ ।

(१६) क्षतिपुर्ति सम्बन्धी व्यवस्थाः- साना सवारी साधनबाट तेस्रो पक्षलाई पुग्न सक्ने हानी नोक्सानी सम्बन्धि ब्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(१७) वातावरणमा असर नहुने गरी सञ्चालन गर्नु पर्नेः- सवारी साधन सञ्चालन गर्दा वातावरणमा कम असर पर्ने गरी सञ्चालन गर्नु पर्नेछ ।

(१८) बाझिएको हदसम्म अमान्य हुनेः- यस कार्यबिधिमा भएका कुनै प्रावधान नेपालको संबिधान, संघ र प्रदेश कानुन सँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

अनुसूचि-१

(दफा ३ को उपदफा १ सँग सम्बन्धित)

साना सवारी दर्ताको निवेदन फाराम

मितिः.. .. .. .. ..

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू

मधुवन नगरपालिका बर्दिया ।

विषयः- साना सवारी दर्ता गरी पाउँ ।

प्रस्तुत बिषयमा मैले/हामिले यस नगरपालिकाको .. .. ..स्थानमा .. .. .. .. प्रयोजनका लागि सञ्चालन गरि रहेको/ सञ्चालन गर्न ईच्छुक निम्नलिखित विवरण बमोजिमको साना सवारी साधन दर्ता गर्न यो निबेदन पेश गरेको छु/छौ ।पेश गरेको विवरण ठिक साँचो छ झुठ्ठा ठहरे कानून बमोजिम सहुला बझाउँला ।

तपशिलः

| | | |
|---|---|---|
| १ | सवारी धनीको नामः- | |
| २ | सवारीको किसिमः- | |
| ३ | सवारी निर्माण बम्पनीको नामः- | |
| ४ | सवारी बनेको सालः- | |
| ५ | मोडेल न- | |
| ६ | सिलिण्डर संख्याः | |
| ७ | चेसिज न. | |
| ८ | हर्ष पावर(सि.सि.) | |
| ९ | सवारीको रंग | |
| १० | सवारीको सिट/बजन/क्षमता | |
| ११ | पेट्रोल/डिजेल/ब्याट्री | |
| १२ | खरिद भै आएको ब्यक्ति वा फर्मको नाम | |
| १३ | भन्सार तिरेको प्रमाण | |
| १४ | सवारी खरिद भै आएको मिति | |
| १५ | सवारी खरिद गरेका विल प्रमाणहरु | |
| १६ | प्रयोग | |
| १७ | चलाउने ईलाका | |
| १८ | विमा कम्पनी/जारी मिति/अन्तिम मिति | |

निबेदकः

नामः

ठेगानाः

दस्तखतः

फोन न.

अनुसूचिः- २

(दफा ४ को उपदफा २ सँग सम्बन्धित)

साना सवारी दर्ताको प्रमाण-पत्र

मधुवन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मधुवन, बर्दिया

**साना सवारी दर्ता प्रमाण-पत्र (अगाडीको भाग)**

सवारी
**धनीको फोटो**

सवारीको दर्ता नः-

सवारीको किसिमः-

दर्ता मितिः-

सवारी धनीको नामः-

वतनः-

सिट वा अन्य क्षमताः-

विमा अबधिः-

.. .. .. .. .. .. .. . . .　　　. . . . . . . . . . .　　　. . . . . . . . . . . .. .

सवारी धनिको हस्ताक्षरः　　　पेश गर्नेको हस्ताक्षर　　　प्रमाणित गर्नेको हस्ताक्षर

प्रमाणपत्र नविकरण तथा बाटो ईजाजत विवरणः(पछाडीको भाग)

सवारी नम्बरः-

| नविकरण गरेको मिति | म्याद पुग्ने मिति | विमा समाप्त हुने मिति | चलाउने ईलाका | प्रमाणित गर्ने अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नोटः- यो प्रमाणपत्र हराई कसैले भेटाएमा मधुवन नगरपालिकाको कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई सहयोग गरिदिनुहुन अनुरोध छ ।

| | | |
|---|---|---|
| १ | सवारीको किसिमः- | |
| २ | सवारी निर्माण बम्पनीको नामः- | |
| ३ | सवारी बनेको सालः- | |
| ४ | मोडेल न- | |
| ५ | सिलिण्डर संख्याः | |
| ६ | चेसिज न. | |
| ७ | हर्ष पावर(सि.सि.) | |
| ८ | सवारीको रंग | |
| ९ | सवारीको सिट/बजन/क्षमता | |
| १० | पेट्रोल/डिजेल/ब्याट्री | |
| ११ | खरिद भै आएको ब्यक्ति वा फर्मको नाम | |
| १२ | भन्सार तिरेको प्रमाण | |
| १३ | सवारी खरिद भै आएको मिति | |
| १४ | सवारी खरिद गरेका विल प्रमाणहरु | |
| १५ | प्रयोग | |
| १६ | चलाउने ईलाका | |
| १७ | विमा कम्पनी/जारी मिति/अन्तिम मिति | |

सवारी धनिले ध्यान दिनु पर्ने कुराहरुः-

१-करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक बर्षको साउन मसान्त सम्ममा दर्ता नविकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्याद भित्र बुझाई सक्नु पर्नेछ ।अन्यथा कानून बमोजिम जरिवाना लाग्नेछ ।

२-प्रमाणपत्र हराएमा, नासिएमा वा चोरिएमा सवारीधनिले सोकुरा उल्लेख गरी सम्बन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित सवारी दर्ता रहेको कार्यालयमा १५ दिन भित्र निवेदन दिनु पर्नेछ ।

३- सवारी नम्वर प्लेट राख्दा सार्बजनिक सवारी भएमा कालो प्लेटमा सेतो अक्षर हुनु पर्छ ।

४- यस कार्यालयको स्वीकृत दर्ता प्रमाणपत्रमा उल्लेख भएको कुरा फरक पर्ने गरी सवारीको किसिम, सिट क्षमता वा अन्य क्षमता, रङ्ग, ईञ्जिन, चेसिस् तथा अन्य पाटपुर्जाहरु परिवर्तन वा हेरफेर गर्नु हुदैन ।

५- एक प्रयोजनको लागि दर्ता भएको सवारी अर्को निम्ति प्रयोग गर्न पाईने छैन ।

६-सवारी साधन कर तिर्नु पर्ने सवारीहरु नविकरण गर्दा वा सोको प्रतिलिपि लिदा नामसारी गर्दा नम्बर परिबर्तन गर्दा सवारीसाधन कर अध्यावधिक गरेको हुनु पर्छ । साथै नामसारी, नम्वर परिवर्तन, हेरफेर आदि दर्ता सवारी साधन कार्यालयमा ल्याउनु पर्दछ ।

७-दर्ता भएको सवारी कुनै किसिमले नासिएमा वा काम नलाग्ने गरी सधैको लागि विग्रिएमा वा सधैका लागि नेपाल बाहिर लगिएमा सवारी धनिले सो भएको मितिले ३० दिनु भित्र दर्ता प्रमाणपत्र साथै राखी सवारीको लगत कट्टा गर्न निबेदन दिनु पर्नेछ ।

८- पाँच बर्षसम्म नविकरण नगरिएमा स्वतः दर्ता खारेज हुने र दर्ता खारेज भएको सवारी नियमानुसार लाग्ने जरिवाना तिरी पनः दर्ता गराउनु पर्दछ ।

अनुसूचिः- २

(दफा ८ सँग सम्बन्धित)

साना सवारी नामसारीको प्रमाण-पत्र

मधुवन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मधुवन, बर्दिया

**नामसारी भएको साना सवारी दर्ता प्रमाण-पत्र**

सवारी धनीको फोटो

सवारीको दर्ता नः-

दर्ता मितिः-

सवारीको किसिमः-

साबिक सवारी धनीको नाम र ठेगानाः-

हाल कायम भएको सवारी धनिको नामः-

वतनः-

सिट वा अन्य क्षमताः-

विमा अबधिः-

.. .. .. .. .. .. .. . . .      . . . . . . . . . . .      . . . . . . . . . . . .. .

सवारी धनिको हस्ताक्षरः      पेश गर्नेको हस्ताक्षर      प्रमाणित गर्नेको हस्ताक्षर

प्रमाणपत्र नविकरण तथा बाटो ईजाजत विवरणः(पछाडीको भाग)

सवारी नम्बरः-

| नविकरण गरेको मिति | म्याद पुग्ने मिति | विमा समाप्त हुने मिति | चलाउने ईलाका | प्रमाणित गर्ने अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

नोटः- यो प्रमाणपत्र हराई कसैले भेटाएमा मधुवन नगरपालिकाको कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई सहयोग गरिदिनुहुन अनुरोध छ ।

सवारी धनिले ध्यान दिनु पर्ने कुराहरुः-

१-करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक बर्षको साउन मसान्त सम्ममा दर्ता नविकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्याद भित्र बुझाई सक्नु पर्नेछ ।अन्यथा कानून बमोजिम जरिवाना लाग्नेछ ।

२-प्रमाणपत्र हराएमा, नासिएमा वा चोरिएमा सवारीधनिले सोकुरा उल्लेख गरी सम्बन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित सवारी दर्ता रहेको कार्यालयमा १५ दिन भित्र निवेदन दिनु पर्नेछ ।

३- सवारी नम्वर प्लेट राख्दा सार्बजनिक सवारी भएमा कालो प्लेटमा सेतो अक्षर हुनु पर्छ ।

४- यस कार्यालयको स्वीकृत दर्ता प्रमाणपत्रमा उल्लेख भएको कुरा फरक पर्ने गरी सवारीको किसिम, सिट क्षमता वा अन्य क्षमता, रङ्ग, ईञ्जिन, चेसिस् तथा अन्य पाटपुर्जाहरु परिवर्तन वा हेरफेर गर्नु हुदैन ।

५- एक प्रयोजनको लागि दर्ता भएको सवारी अर्को निम्ति प्रयोग गर्न पाईने छैन ।

६-सवारी साधन कर तिर्नु पर्ने सवारीहरु नविकरण गर्दा वा सोको प्रतिलिपि लिदा नामसारी गर्दा नम्बर परिबर्तन गर्दा सवारीसाधन कर अध्यावधिक गरेको हुनु पर्छ । साथै नामसारी, नम्वर परिवर्तन, हेरफेर आदि दर्ता सवारी साधन कार्यालयमा ल्याउनु पर्दछ ।

७-दर्ता भएको सवारी कुनै किसिमले नासिएमा वा काम नलाग्ने गरी सधैको लागि बिग्रिएमा वा सधैका लागि नेपाल बाहिर लगिएमा सवारी धनिले सो भएको मितिले ३० दिनु भित्र दर्ता प्रमाणपत्र साथै राखी सवारीको लगत कट्टा गर्न निबेदन दिनु पर्नेछ ।

८- पाँच बर्षसम्म नविकरण नगरिएमा स्वतः दर्ता खारेज हुने र दर्ता खारेज भएको सवारी नियमानुसार लाग्ने जरिवाना तिरी पनः दर्ता गराउनु पर्दछ ।

| | | |
|---|---|---|
| १ | सवारीको किसिमः- | |
| २ | सवारी निर्माण बम्पनीको नामः- | |
| ३ | सवारी बनेको सालः- | |
| ४ | मोडेल न- | |
| ५ | सिलिण्डर संख्याः | |
| ६ | चेसिज न. | |
| ७ | हर्ष पावर(सि.सि.) | |
| ८ | सवारीको रंग | |
| ९ | सवारीको सिट/बजन/क्षमता | |
| १० | पेट्रोल/डिजेल/ब्याट्री | |
| ११ | खरिद भै आएको ब्यक्ति वा फर्मको नाम | |
| १२ | भन्सार तिरेको प्रमाण | |
| १३ | सवारी खरिद भै आएको मिति | |

| | | |
|---|---|---|
| १४ | सवारी खरिद गरेका विल प्रमाणहरु | |
| १५ | प्रयोग | |
| १६ | चलाउने ईलाका | |
| १७ | विमा कम्पनी/जारी मिति/अन्तिम मिति | |

अनुसूचि-३

(दफा ४ को उपदफा ३ सँग सम्बन्धित)

## साना सवारी नविकरण आवेदन फाराम

मितिः.. .. .. .. ..

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू
मधुवन नगरपालिका बर्दिया ।

बिषयः- साना सवारी नविकरण गरि पाउँ ।

प्रस्तुत बिषयमा मैले/हामिले यस नगरपालिकाको .. .. ..स्थानमा .. .. .. .. प्रयोजनका लागि सञ्चालन गरि रहेकोनिम्नलिखित विवरण बमोजिमको साना सवारी साधन नविकरण गर्न यो निबेदन पेश गरेको छु/छौ ।पेश गरेको विवरण ठिक साँचो छ झुठ्ठा ठहरे कानून बमोजिम सहुला बझाउँला ।

तपशिलः

| | | |
|---|---|---|
| १ | सवारी धनीको नामः- | |
| २ | सवारीको किसिमः- | |
| ३ | सवारी निर्माण बम्पनीको नामः- | |
| ४ | सवारी बनेको सालः- | |
| ५ | मोडेल न- | |
| ६ | सिलिण्डर संख्याः | |
| ७ | चेसिज न. | |
| ८ | हर्ष पावर(सि.सि.) | |
| ९ | सवारीको रंग | |
| १० | सवारीको सिट/बजन/क्षमता | |
| ११ | पेट्रोल/डिजेल/ब्याट्री | |
| १२ | खरिद भै आएको ब्यक्ति वा फर्मको नाम | |
| १३ | भन्सार तिरेको प्रमाण | |
| १४ | सवारी खरिद भै आएको मिति | |
| १५ | सवारी खरिद गरेका विल प्रमाणहरु | |
| १६ | प्रयोग | |
| १७ | चलाउने ईलाका | |
| १८ | विमा कम्पनी/जारी मिति/अन्तिम मिति | |

**निबेदकः**

नामः

ठेगानाः

दस्तखतः

फोन न.

अनुसूचि ४

(दफा ८ को उपदफा २ सँग सम्बन्धित)

**<u>सवारी नामसारी आवेदन फाराम</u>**

मितिः-.. .. ..

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू
मधुवन नगरपालिका बर्दिया ।

बिषयः- साना सवारी नामसारी गरि पाउँ बारे ।

लिखितम मेरो/हाम्रो नाममा दर्ता भई मेरो/हाम्रो एकलौटी हकभोग भएको द.न. .. .. .. ..च्यासिस् न. .. .. भएको .. .. .. .. .नम्बर् को .. .. .. .. . लाई मैले/हामिले नम्नलिखित किनाराका नाम, थर ठेगाना भएको व्यक्ति/ ब्यक्तिहरुलाई बिक्रि गरि दिएको हुनाले उक्त सवारी दिदा निजहरुको भागमा नामसारी गरि दिनु हुन अनुरोध गर्दछौ । माथिको ब्यहोरामा फरक पारी विक्रि गरेको भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

| दाँया | बाँया |
| --- | --- |

विक्रि लिलाम/उपहार/वकस गरी दिनेको सही
नाम थरः-
बर्ष-
ठेगानाः-
वडा न-.. .. .टोल.. ..
फोन न. .. ..
बाबु/पतिको नामः-
बाजेको नामः-

उल्लिखित ब्यक्तिहरु फर्म/सँस्थाबाट मैले/हामिले खरिद/लिलाम सकार/उपहार/बकस हकभोग कायम गरी लिएको हो यसमा कुनै फरक पर्ने छैन । फरक पारी लेन देन गरेको हो भने सो नामसारी बदर भएमा कानून बमोजिम दण्ड सजाय परेमा बहुला बुझाउला ।

| दाँया | बाँया |
| --- | --- |

खरिद गर्ने/लिलाम साकार गर्ने/उपहार बकस उठाउनेको सही/ दिनेको सही
नाम थरः-
बर्ष-
ठेगानाः-

वडा न-.. .. .टोल.. ..
फोन न. .. ..
बाबु/पतिको नामः-
बाजेको नामः-

पेश भएका कागजातहरुः-

१-लिनेदिने दबैको नाम, ठेगानाः-

क. दिनेको जिल्ला.. .. .. .. .. नागरिक्ता न.. . . . .

ख. लिनेको जिल्ला.. .. .. .. .. नागरिक्ता न.. . . . .

२-सवारी आयकर तिरेको प्रमाणः-

क- सवारी आयकर बुझाएको कार्यालयः-.. ..

ख- मितिः- .. ..

ग- अबधिः-.. ..

३- सार्बजनिक सवारी भए बाटो ईजाजत लिएको प्रमाणपत्र

क- दिने कार्यालयः-. . . .

ख- पाएको क्षेत्रः- . . . . .

ग- पाएको मितिः-. . . . . अवधिः- . . . . . . .

४-सँस्था/ फर्म कम्पनीको नाम लेनदेन भएको भए सम्बन्धित पदः-

क- पत्र संख्या च.न.. . . मितिः. . . . .

५- वारेसनामा वा प्रतिनिधि तोकि आएको भए सो पत्र, प्रमाण तथा नागरिक्ताको वा परिचय पत्रको प्रमाणित प्रतिलिपिः-

६- नामसारीको लागि बुझाएको दस्तुरको रसिद नः-. . . .

७- श्रम ऐन २०४८ को दफा ४७ को उपदफा १ को खण्ड क बमोजिम सम्बन्धित कामदार वा कर्मचारीहरुलाई तिर्नु पर्ने रकम बुझाएको प्रमाणः-

८- सवारी कागज प्रमाणपत्र हरु

---

कार्यालय प्रयोजनको लागि

सवारी जाँचको प्रतिबेदन ब्यहोरा

.. . . . . . . . . . . . . . . .

सवारी जाँच्नेको सही

उपरोक्त बमोजिम लेनदेन मञ्जुरी गरी सनाखत गरेको र उल्लिखित कागजातहरु समेत पेश गरिएको हुँदा नामसारी गरिदिनुहुन पेश गरेको छु ।

फाँटवालाको सहीः-. . . .

नामः. . . . . . . . . . . . . . . . . मितिः- . . . . . . . . . .

नामसारी सदर गर्ने प्रमाणित गरिदिने अधिकारीको सहीः. . . . .

नाम/थरः-. . . . . . . . . . .                                        मितिः- . . . . . .  . . . .

अनुसूचि-५

(दफा १५ को उपदफा २ सँग सम्बन्धित)

**बाटो ईजाजत प्रमाण पत्र**

**प.स.**

**चलानी न.**                                        **मितिः-. . . .**

बिषयः बाटो इजाजत सम्बन्धमा ।

श्री . . . . . . . . . . . . . .

. . . . . . . . .  . . . . . ..

प्रस्तुत बिषयमा मधुवन नगरपालिकाको साना सवारी साधन ब्यवस्थापन कार्यबिधि २०८० को दफा १५ को उप दफा २ बमोजिम तपाईलाइ तपशिल बमोजिमको क्षेत्रमा सवारी साधन चलाउन पाउने गरी यो ईजाजत पत्र प्रदान गरिएको छ । ट्राफिक नियमको पुर्ण पालना गरी सवारी साधन सञ्चालन गर्नु होला ।

तपशिलः

१. स्थानः-. . . . . . . . . . देखी . . . . . . . . . .  सम्म
२. अवधिः- . . . . . . . . . . . सम्म

. . . . . . . . . . .

अनुसूचि-५

(दफा १५ को उपदफा २ सँग सम्बन्धित)

**बाटो ईजाजत प्रमाण पत्र**

**प.स.**

**चलानी न.** **मितिः-. . . .**

बिषयः बाटो इजाजत सम्बन्धमा ।

श्री . . . . . . . . . . . . . .

. . . . . . . . .  . . . . . ..

प्रस्तुत बिषयमा मधुवन नगरपालिकाको साना सवारी साधन ब्यवस्थापन कार्यबिधि २०८० को दफा १५ को उप दफा ३ बमोजिम तपाईलाइ तपशिल बमोजिमको क्षेत्रमा सवारी साधन चलाउन पाउने गरी यो पटके ईजाजत पत्र प्रदान गरिएको छ । ट्राफिक नियमको पुर्ण पालना गरी सवारी साधन सञ्चालन गर्नु होला ।

तपशिलः

१. स्थानः-. . . . . . . . . . देखी . . . . . . . . .  सम्म

२. अवधिः- . . . . . . . . . . . . सम्म

. . . . . . . . . . . .

प्रमाणिकरण मितिः-२०८०/../..

आज्ञाले

मानबहादुर गिरी

प्रमुख प्रशासकिय अधिकृत